☎:९८५७०४६०३६

# पाल्हीनन्दन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुश्मा, नवलपरासी
५ नं. प्रदेश

प. सं. : ०७४/०७५
च. नं. :

मिति: २०७५/०२/०६

**प्रथम पटक प्रकाशीत मिति २०७५/०२/०६**

**सूचना !** **सुचना !!** **सुचना !!!**

**<u>घ बर्ग निर्माण ब्यबसायी इजाजतपत्र को लागि दरखास्त गरिएको</u>**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को छ(१०) बमोजिम सार्बजनिक निर्माण कार्यको लागि प्रचलित कानुन बमोजिम "घ" बर्गको इजाजतपत्र जारि,नबिकरण तथा खारेजी स्थानीय गाउपालिका/नगरपालिकालाई भएकोले सो बर्गको इजाजतपत्रको लागि इच्छुक निर्माण ब्यबसायी वा फर्मले यस कार्यालयको तोकेको ढाचामा प्रथम पटक प्रकाशित मितिले ७ दिन भित्र यस कार्यालयमा दरखास्त दिनुहुन आह्वान गरिन्छ |

**<u>आवश्यक योग्यता एवं कागजात</u>**

१. आर्थिक क्षमता: प्राइभेट वा पब्लिक लिमिटेड कम्पनि वा साझेदारी फर्मको रुपमा घटीमा एक लाख रुपैयाको चालु पुजी देखाई घरेलु तथा साना उधोगमा दर्ता भएको हुनुपर्नेछ | साथै आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्बर प्राप्त गरेको हुनुपर्नेछ |
२. मुख्य जनशक्ति: सिभिल इन्जिनियरिंग बिषयमा कम्तिमा स्नातक उतिर्ण एक जना प्राबिधिक,कुनै बिषयमा प्रमाणपत्र तह उतिर्ण एक जना र बाणिज्य संकायमा प्रमाणपत्र उतिर्ण एक जना जनशक्तिको सेवा पुरा समय प्राप्त हुने ब्यबस्था हुनुपर्नेछ |
३. मेशिन तथा उपकरण:
   (अ) लेभल मेशिन(एक थान)
   (आ) वाटर पम्प (एक थान)
   (इ) भाइब्रेटर ( एक थान)

   १. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पत्रका साथै बिमा गरेको कागजातहरु पेश गर्नुपर्नेछ |
   २. माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठिक अवस्थामा रहेको बिषय मेकानिकल इन्जिनीयर ले प्रमाणित गर्नुपर्नेछ, मेकानिकल इन्जिनीयर नेपाल इन्जिनीयर्स एसोसिएसनको सदस्यता प्राप्त गरेको हुनुपर्नेछ |
   ३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटिमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन |
   ४. पन्ध्र वर्ष भन्दा पुरानो यन्त्र उपकरणहरु निर्माण ब्याबसायीको स्तर बृद्दि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन |

www:palhinandanmun.gov.np., email:palhinandanrulmun2073@gmail.com